# तामाकोशी गाउँपालिकाको

## गाई/भैसीलाई सुत्केरी स्याहार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मिति : २०७९।०५।२८

राजपत्रमा प्रकाशित मिति :

१. पृष्ठभुमि :

गाई भैसीले वेत भरि दिने दुधको परिमाण व्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ । सो अवधि भित्र लैनो गाई/भैसीले वढी दुध दिन सकेमा मात्र सोहि अनुपातमा सो वेत भरि नै उत्पादन कायम राख्न सकिन्छ । त्यसैले सो अवधि गाई/भैसीको अति महत्वपूर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात बाच्छाबाच्छी/पाडापाडीको स्याहारसुसार गर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारको लागि कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी तामाकोशी गाउँपालिकाले गाई भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल र सहज व्यवस्थित प्रभावकारी र पारदर्शि रुपले कार्यान्वयन गर्न तामाकोशी गाउँ कार्यपालिकावाट **गाई/भैसीलाई सुत्केरी स्याहार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९** कार्य विधि जरी गरिएको छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा

क) गाउँपालिका भन्नाले तामाकोशी गाउँपालिकालाइ सम्झनु पर्दछ ।

ख) अध्यक्ष भन्नाले तामाकोशी गांउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) उपाध्यक्ष भन्नाले तामाकोशी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) प्रमुख पशासकीय अधिकृत भन्नाले तामाकोशी गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) कार्यपालिका भन्नाले गाउँ कार्यपालिकासम्झनु पर्दछ ।

च) न्यायिक समिति: भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्दछ ।

छ) आर्थिक विकास समितिको संयोजक भन्नाले गाउँपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ ।

ज) पशु सेवा शाखा: भन्नाले तामाकोशी गाउँपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

झ) वडा भन्नाले तामाकोशी गाउँपालिका सवै वडाहरुलाइ सम्झनु पर्दछ ।

ट) कार्यविधि भन्नाले **गाई/भैसीलाई सुत्केरी स्याहार** अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७९ लाइ सम्झनु पर्नेछ ।

३.उद्देश्यहरु :

(क) दुधालु गाई/भैसीको लैनो अवस्थामा थप स्याहारसुसार र उचित पोषणको माध्यमवाट उत्पादन वृद्धि गरी सोही अनुपातमा वेत भरि नै दुध उत्पादन कायम राख्ने ।

(ख) वाच्छावाच्छी तथा पाडापाडीको मृत्युदर कम गरी उचित वृद्धिदर तौल तथा गुणस्तर कायम राख्ने

(ग) गाई/भैसीको दुइ वेतको अन्तर कम गरी उत्पादन लागत घटाउने ।

४. **कार्यक्रम सञ्चालन हुने स्थानहरु :** तामाकोशी गाउँपालिकाका सवै वडाहरु ।

५. **कार्यक्रम अवधि :** यो कार्यक्रमको अवधि एक वर्षको हुनेछ र आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिने छ ।

६. **कार्यक्रमको सन्चालनको लागि कृषक छनौट तथा कार्यक्रम सन्चालन प्रक्रिया :**

(क) एक वा एक भन्दा दुहुना गाई/भैसी पालेको हुनु पर्नेछ ।

(ख) सम्वन्धित पशु सेवा केन्द्र वाट गाई/भैसी व्याएको प्रमाण सहित निवेदन पेश गरेको हुनु पर्नेछ ।

(ग) अनिवार्य रुपमा माउ र वाच्छावाच्छी/पाडापाडी सहित सम्वन्धित कृषक देखिने गरी फोटो पेश गर्नु पर्नेछ ।

(घ) आ.व. २०७९/०८० अर्थात मिति २०७९ साल श्रावण देखि गाई/भैसी व्याएको आवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ङ) कार्यविधि अनुसार गाई/भैसी व्याएको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न आउनु भएका कृषकहरुलाई व्याएको प्रमाण सहित अन्य कागजातहरु संलग्न राखी सम्बन्धित वडा कार्यालयले एकमुष्ट अनुदान माग गरेको पत्र तामाकोशी गाउँपालिका पशु विकास शाखामा प्राप्त भए पछि मात्र आवश्यक प्रक्रिया पुरा गरेका कृषकहरुलाई नियमानुसार पाउने अनुदानका लागि गाउँपालिकामा सिफारिस गरिनेछ ।

७. गाई/भैसीलाई सुत्केरी स्याहार अनुदान कार्यक्रमको लागि प्रति गाई/भैसी रु १०००। वा रु. १०००। बराबरको दाना/पौष्टिक आहार ( क्याल्सीयम ) उपलब्ध गराइने छ ।

८. **अनुगमन मुल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था :** कार्यक्रमको अनुगमन तामाकोशीगाउँपालिका पशु सेवा शाखाले गर्नेछ र सो को मासिक चौमासिक तथा वार्षिक प्रतिवेदन र प्रगति आवश्यक परेको खण्डमा पशु सेवा शाखामा सम्बन्धित पशुसेवा केन्द्रले पठाउन सक्नेछन् ।

९. **वाधा अडकाउ फुकाउने :** कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१०. **परिमार्जन :** गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधत तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसूची – २

मिति :

श्रीमान ........................... ज्यू ,
तामाकोशी गाउँपालिका
......................... कार्यालय, ............. दोलखा ।

विषय :– अनुदान उपलब्ध गराई पाउँ भन्ने वारे ।

महोदय,

प्रस्तुत विषयमा तामाकोशी गाउँपालिकाको मिति .............................. गतेको प्रकाशित सूचना अनुसार दुध उत्पादन कार्यमा सहयोग पुग्ने आशा राखी आवश्यक कागजातहरु सँलग्न गरि **गाई/भैसीलाई सुत्केरी स्याहार अनुदान कार्यक्रम** उपलब्ध गराई पाउँ भनि अनुरोध गर्दछु , साथै मैले अनुदान सहयोग रकम प्राप्त गरेमा कार्यालयको नियम/सम्झौता अनुसार कार्य गर्नेछु ।

निवेदकको

नाम :

ठेगाना :

दस्तखत :

अनुसूची – ३

## गाई/ भैसी सुत्केरी स्याहार अनुदान कार्यक्रमको लागि सम्झौता– पत्र

तामाकेशी गाउँपालिका भित्र रहेका कृषकहरुका गाई/भैसीलाइ सत्केरी स्याहार अनुदान कार्यक्रमको उद्देश्य अनुरुपको उपलव्धी हासिल गर्न तामाकोशी गाउँपालिका पशु विकास शाखा यस पछि पहिलो पक्ष भनिने र तामाकोशी गाउँपालिका वडा नं. ..........का श्री/श्रीमति/सुश्री ..............................................................त्यस पछि दोश्रो पक्ष भनिने वीच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि कार्यक्रम सन्चालन गर्ने द्धिपक्षिय सम्झौता सम्पन्न भयो ।

### दोस्रो पक्षाले तपसिल वमोजिमका कार्यहरु गर्नु पर्नेछ :

१) अनुदान रकमवाट माउ र वाच्छावाच्छी/पाडापाडीको विशेष स्याहार सुसार गर्नु पर्नेछ ।
२) पौष्टिक दाना मिनरल व्लक, भिटामिन, ड्रेन्चिङ, खोप आदिको व्यवस्था गर्नु पर्नेछ ।
३) गाई/भैसीको स्वास्थ्य व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व वृद्धीका कार्यहरु गर्नु पर्नेछ ।
४) अनुदान कार्य अवधि समाप्त भएपछि पनि कृषकले कार्यक्रमलाइ निरन्तरता दिनु पर्नेछ ।
५) दोस्रो पक्षवाट गर्नु पर्ने कार्यहरु सन्तोषजनक नपाएमा प्रचलित कानून वमोजिम कार्वाहीको भागिदारी हुनु पर्नेछ ।
६) अनुदान प्राप्त भए पश्चात निरन्तरताको लागि अनिवार्य रुपमा गाई/भैसीको विमा गर्नु पर्नेछ ।
७) अनुदान प्राप्त गर्ने कृषकले प्राप्त अनुदानवाट गरेका क्रियाकलापहरुको प्रतिवेदन पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

| प्रथम पक्ष: | दोस्रो पक्ष: |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे, दोलखा बागमती प्रदेश, नेपाल